## बन्दिपुर गाउँपालिकाको बारिष्टा तालिम सञ्चालनका लागी तयार गरिएको कार्यक्षेत्रगत शर्तहरु

बन्दीपुर गाउँपालिका भित्रका युवाहरुको सीप विकास गरि व्यवसाय तर्फ उन्मुख गरि रोजगार तथा स्वरोजगार सृजना गर्ने उद्देश्यले १ महिने (१६० घण्टे) बारिष्टा तालिम सञ्चालन गर्नका लागि सेवा प्रदायक छनौट गर्न देहायका शर्तहरू तयार गरिएको छ ।

### १.पृष्ठभुमीः

गण्डकी प्रदेश तनहुँ जिल्लाको दक्षिण पश्चिम भागमा अबस्थित पहाडकी रानी उपमाले परिचित पर्यटकिय नगरी बन्दीपुर गाउँपालिका प्राकृतिक,भौगलिक,धार्मिक र सांस्कृतिक सम्पदाले सुसज्जित गण्डकी प्रदेशको उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा आफ्नो पहिचान बोकेको छ । पर्यटकीय क्षेत्र भएकै कारण आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी निजी तथा सरकारी तवरबाट होटल व्यवसायमा करोडौँ लगानी भएको छ। पर्यटन प्रबर्धनका लागि होटल तथा रेष्टुरेन्टहरूमा यथेष्ट लगानी भएता पनी यस ठाउँमा भौगोलिक तथा विविध कारणले स्थानीय दक्ष जनशक्तिको अभाव छ। वैदेशिक रोजगारको बढ्दो लहरका कारण स्थानीय युवाहरुलाई पालिकामा नै रोक्न तथा आवश्यक सीप तथा दक्षताको अभावमा राम्रो सुबिधा सहित यहाँका होटल तथा रेष्टुराँहरुमा रोजगार दिन नसकिने अबस्था बिधमान छ। कफी सम्बन्धको बारिष्टा तालिम गराई स्थानिय होटल तथा रेष्टुराँहरुमा तथा देशका जुनसुकै भूभागमा गएर पनि रोजगारको सम्भाबना रहेको हुँदा बन्दिपुर गाउँपालिकाले बारिष्टा तालिम सञ्चालन गरिनेछ।

### २.तालिमको उद्देश्यहरुः

- सहभागीलाई कफी तथा बारिष्टा सम्बन्धी आधारभूत र व्यावहारिक ज्ञान तथा सीप प्रदान गर्ने।
- विभिन्न प्रकारका कफी तयार गर्ने व्यावहारिक दक्षता विकास गर्ने।
- कफी मेसिन तथा अन्य उपकरणको सुरक्षित र उचित प्रयोग गर्न सक्षम बनाउने।
- होटल, रेष्टुरेन्ट, क्याफे तथा कफी पसलमा रोजगारी गर्न योग्य बनाउने।
- स्वरोजगार तथा उद्यमशीलताको अवसर सिर्जना गर्ने।
- पर्यटन क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्ने।

### ४.लक्षित सहभागी

नि. प्रमुख प्रशासकीय अधिकृत

बन्दीपुर गाउँपालिकाभित्रका रोजगारीको खोजीमा रहेका युवा तथा अन्य इच्छुक व्यक्तिहरूलाई प्राथमिकता दिई तालिम सञ्चालन गरिनेछ। सहभागी संख्या गाउँपालिकाले स्वीकृत गरेको कार्यक्रम तथा बजेट अनुसार निर्धारण गर्नेछ।

## ६.तालिम संचालन बिधि र प्रकृया

- तालिम संचालनको लागि स्वीकृत लागत अनुमानको आधारमा परामर्शदाताले आफ्नो प्रस्तावमा पेश गर्नुपर्नेछ।
- गाउँपालिकाले कार्यगत शर्त र लागत अनुमान स्वीकृत गर्नेछ।
- सार्बजनिक खरिद ऐन २०६३ र नियमावलीमा उल्लेखित प्रावधानको परिधि भित्र रहि सूचीकृत परामर्श सेवालाई प्रस्तावहरु माग गरिनेछ र प्राप्त प्रस्तावहरुबाट मुल्याङ्कन तथा छनोट समितिले उपयुक्त परामर्शदाता संस्था छनौट गरिनेछ।
- छनौट भएको परामर्शदाता / संस्थासंग कार्यक्षेत्रगत शर्त बमोजिम सम्झौता गरिनेछ।

## ७.तालिम संचालनका शर्तहरु:

१.प्रशिक्षकको लागी CTEVT को सीप परिक्षण उत्तिर्ण भै तह-१ पुरा गरेको वा मान्यता प्राप्त तालिम प्रदायक संस्थामा प्रशिक्षकको रुपमा कम्तिमा २ बर्ष काम गरेको अनुभब भएको हुनुपर्नेछ।

२.तालिम १६० घण्टा संचालन गर्नुपर्नेछ।

३. तालिम सामग्री,मेशीनरी औजार एबम् आवश्यक जनशक्तिको व्यवस्थापन तथा सहभागीलाई खाजा, तालिम स्थलको भाडा समेत सेवा प्रदायक परामर्शदाता संस्थाले नै गर्नुपर्नेछ।

## ८. प्रस्तावकहरुको छनौट तथा मुल्याङ्कन बिधि:

सुचना प्रकाशन वा सुचिकृत सेवा प्रदायकलाई पत्र प्रेषित पश्चात रितपुर्बक पेश हुन आएका प्रस्तावहरुलाई सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ मा उल्लेख भएका प्राबधानको आधारमा रहि मुल्याङ्कन गरिनेछ। मुल्याङ्कनमा सबैभन्दा कम दररेटमा गुणस्तरीय सेवा दिने प्रस्तावदातालाई यस कार्यका लागी छनौट गरिनेछ।

## ९. सेवा प्रदायकले पेश गर्नुपर्ने कागजात

- संस्थाको दर्ता प्रमाणपत्र
- PAN/VAT प्रमाणपत्र

नि. प्रमुख प्रशासकीय अधिकृत

- कर चुक्ता प्रमाणपत्र
- सम्बन्धित तालिम सञ्चालन गर्ने अधिकार/अनुमति भए सोको प्रमाण
- तालिम सञ्चालन सम्बन्धी अनुभवको विवरण
- प्रशिक्षकको CV तथा योग्यता/अनुभवका प्रमाणपत्र
- तालिम सञ्चालन कार्ययोजना
- आवश्यक उपकरण तथा सामग्रीको विवरण
- प्रति प्रशिक्षार्थी लागत विवरण
- अन्य प्रचलित कानूनबमोजिम आवश्यक कागजात

**१०. तालिमका विषयवस्तु**

- सेवा प्रदायक संस्थाले CTEVT को स्वीकृत पाठ्यक्रम/सीप मापदण्डअनुसार तालिम सञ्चालन गर्नुपर्नेछ

**११. तालिम प्रतिबेदनका पक्षहरुः**

१.तालिम सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२.स्थानिय तहका प्रतिनिधिहरु द्वारा नियमित अनुगमन गर्नु/गराउनुपर्नेछ ।

३.तालिम अबधिमा कम्तिमा २ पटक अनुगमन हुनुपर्नेछ ।

**१२. रकम भुक्तानी पक्षहरुः**

१.सम्झौता अनुसार तयार गरी कार्यक्षेत्रगत शर्त पुरा गरेपछी भुक्तानीको योग्य हुनेछ ।

२.सम्झौता अनुसार तालिम सम्पन्न भएपछि तालिमको प्रतिबेदन,सक्कली बिल भरपाई,कर बिजक, तालिमका फोटोहरु सहभागी उपस्थिति तथा अनुगमन मुल्याङ्कन प्रतिबेदन लग बुक समेत भुक्तानीको निबेदन पश्चात मात्र भुक्तानीको लागी योग्य हुनेछ ।

**१३. सम्झौताको अवधि**

सम्झौता भएको मितिदेखि तालिम सम्पन्न गरी आवश्यक प्रतिवेदन पेश नभएसम्म वा सम्झौतामा तोकिएको अवधिसम्म लागू हुनेछ।

**१४. अन्य**

प्रमुख प्रशासकीय अधिकृत

यस TOR मा उल्लेख नभएका विषयहरू प्रचलित कानून, गाउँपालिकाका स्वीकृत निर्णय तथा सम्झौताका शर्तअनुसार हुनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत